**२०७४ साल चैत २७ गते मङ्गलबारका दिन बसेको मन्त्रिपरिषद् बैठक**(बै.सं. ६८।०७४)**बाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ बमोजिम स्थानीय तहमा कार्यक्रम, बजेट, जनशक्ति, संगठन स्थानान्तरण गर्ने सन्दर्भमा चालु आर्थिक वर्ष २०७४।७५ को ९ महिना अवधि व्यतित भइसकेको र अधिकांश कार्यक्रमहरू कार्यान्वयनको अन्तिम चरणमा रहेको अवस्थासमेतलाई मध्यनजर गरी सवै विषयगत मन्त्रालय अन्तर्गतको बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन र स्थानीय तहमा हुने स्थानान्तरण कार्यलाई व्यवस्थित बनाउन देहायबमोजिम गर्ने–

(क) मिति २०७४ चैत २८ गतेसम्म सम्पन्न भएका स्थानीय तहको कार्यक्षेत्रभित्र परेका कार्यक्रमहरू स्थानीय तहमा स्थानान्तरण गर्ने ।

(ख) चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा परेका स्थानीय तहको कार्यक्षेत्रभित्रका कार्यक्रमहरूमध्ये मिति २०७४ चैत २८ गतेसम्म खरिदसम्बन्धी सूचना प्रकाशन भइसकेका कार्यक्रमहरू सोही अवस्थामा स्थानान्तरण गर्दा प्रक्रियागत जटिलता आउनसक्ने देखिएकोले कार्यक्रम सञ्चालन र बजेट व्यवस्थापनलाई सहज बनाउन र समयमै सम्पन्न गर्न त्यस्ता कार्यक्रमहरू मिति २०७५ असार मसान्तसम्म मौजुदा निकायबाटै सम्पादन गर्ने गरी अन्तरिम व्यवस्था गर्ने ।

(ग) संघको क्षेत्राधिकारभित्र परेका कार्यक्रमहरुको सम्बन्धमा अर्को संघीय निकायको व्यवस्था नभएसम्म मौजुदा निकायबाटै सम्पादन गर्ने ।

(घ) मिति २०७४ चैत २८ गतेसम्म काम शुरु नभएका स्थानीय तहको कार्यक्षेत्रभित्र परेका कार्यक्रमहरू र तत्सम्बन्धी बजेट तत् तत् स्थानीय तहलाई स्थानान्तरण गर्ने गरी विषयगत मन्त्रालयले कार्ययोजना तयार गरी अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

(ङ) अर्थ मन्त्रालयले खण्ड (घ) बमोजिम विषयगत मन्त्रालयबाट प्राप्त अनुरोधका आधारमा स्थानीय तहलाई बजेट स्थानान्तरण गर्ने व्यवस्था मिलाउने ।

(च) चालु आर्थिक वर्षको बाँकी अवधिभित्र खण्ड (ख) बमोजिम सम्पन्न हुने स्थानीय तहको कार्यक्षेत्रभित्र परेका आयोजना/कार्यक्रमहरू सम्पन्न हुनासाथ तत् तत् स्थानीय तहलाई स्थानान्तरण गर्ने ।

(छ) स्थानीय तहमा सेवा प्रवाहसम्बन्धी व्यवस्था, २०७४ को दफा २० बमोजिमको जिल्ला समन्वय समितिले दफा १८ र २० बमोजिमको कामको समन्वय गर्दा माथि खण्ड (क) देखि खण्ड (छ) सम्म उल्लिखित विषयहरूलाई समेत सहजीकरण गर्ने गरी कार्य गर्ने ।

(ज) जिल्ला शिक्षा कार्यालयहरूको सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/१२-०७४/१२/२७ को शिक्षा विकास तथा समन्वय ईकाइको अन्तरिम संगठन सरचना तथा दरवन्दी तेरिज स्वीकृत गर्ने विषयको प्रस्तावमा नेपाल सरकार, मन्त्रिपरिषद्को मं.प.बै.सं. ६७/०७४ मिति २०७४/१२/२७ को बैठकबाट भएको निर्णयअनुसार नै हुने ।

(झ) उल्लिखित व्यहोरा सबै मन्त्रालयहरूलाई कार्यार्थ जानकारी दिने ।

२. गृह मन्त्रालय— नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बढुवा सर्वेन्द्र खनाललाई नियुक्ति गर्ने ।

३. गृह मन्त्रालय— सशस्त्र प्रहरी वल नेपालको सशस्त्र प्रहरी महानिरीक्षक पदमा शैलेन्द्र खनाललाई बढुवा नियुक्ति गर्ने ।

४. गृह मन्त्रालय— माननीय गृहमन्त्री श्री रामबहादुर थापा "बादल" को विज्ञ पदमा सूर्य प्रकाश सुवेदी "पथिक"लाई नियुक्ति गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

**२०७४ साल चैत २७ गते मङ्गलबारका दिन बसेको मन्त्रिपरिषद् बैठक**(बै.सं. ६७।०७४)**बाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– अरुण तेस्रो जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत निर्यातका लागि निर्माण गरिने प्रसारण लाइन र त्यसको Right of way मा पर्ने घर जग्गाको क्षतिपूर्ति रकम निर्धारण गर्न विद्युत नियमावली, २०५० को नियम ८८ को उपनियम (१) को खण्ड (क) बमोजिमको क्षतिपूर्ति निर्धारण समितिको अध्यक्षमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई र खण्ड (ग) बमोजिमको विद्युत क्षेत्रसँग सम्बन्धित विशेषज्ञ सदस्यमा लगानी बोर्डको कार्यालयले तोकेको सिनियर डिभिजनल ईन्जिनियर रहने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– लगानी बोर्ड नियमावली, २०६९ को नियम १९क को उपनियम (२) बमोजिम लगानी बोर्ड र Huaxin Cement Narayani Pvt. Ltd. बीच PIA गर्ने म्याद थप गर्न सकिने समय गुज्रिसकेको हुँदा लगानी बोर्ड ऐन, २०६८ को दफा १९ बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न स्वीकृति दिने।

३. अर्थ मन्त्रालय– निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ६ को उपदफा (३) बमोजिम निक्षेप तथा कर्जा सुरक्षण कोषको विभिन्न कोषमा मौज्दात रहेको रकम मध्येबाट रु. ३ (तीन) अर्ब थप गरी चुक्ता पूँजी रु. ८ (आठ) अर्ब पुर्‍याउन स्वीकृति दिने ।

४. अर्थ मन्त्रालय– २०७५ वैशाख २० देखि २३ गते सम्म फिलिपिन्सको मनिलामा हुने एशियाली विकास बैंकको बोर्ड अफ गभर्नर्सको ५१ औं वार्षिक बैठकमा माननीय अर्थमन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डलाई सहभागी हुन स्वीकृति दिने

५. अर्थ मन्त्रालय– नेपालको सार्वजनिक वित्त व्यवस्थापनमा नीतिगत र संस्थागत सुधार कार्यक्रम कार्यान्वयनको लागि विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्था (IDA) ले नेपाल सरकारलाई प्रदान गर्ने ऋण रकम करिब रु. २० अर्ब ७९ करोड (२०० मिलियन अमेरिकी डलर) स्वीकार गर्ने ।

६. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय– नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा ९(३) को खण्ड (क) मा व्यवस्था भएबमोजिम नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको अध्यक्षमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव श्री अनुपकुमार उपाध्यायलाई मनोनयन गर्ने ।

७. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय– लोक सेवा आयोगवाट सिफारिस भएका श्री इन्द्रदेव भट्टलाई निजामती सेवा ऐन, २०४९ को दफा ९ बमोजिम नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूह, हाइड्रोपावर उपसमूह, रा.प.प्रथम श्रेणी (प्रा.) सुपरिटेण्डिङ इन्जिनियर पदमा नियुक्ति गर्ने ।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय– न्याय सेवा आयोगको सिफारिसबमोजिम नेपाल न्याय सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिमको पद तथा कार्यालयमा सरुवा गर्ने।

   १. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) श्री राजीव गौतमलाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव पदमा ।

२. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/१०/१० को बैठकबाट संशोधन भएको निजामती सेवा नियमावली, २०५० को अनुसूची २क. बमोजिम राष्ट्रपतिको कार्यालयको सचिव पद नेपाल न्याय सेवा समूहीकरणबाट नेपाल प्रशासन सेवाको समूहीकरणमा परिवर्तन भएकोले नेपाल न्याय सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत श्री भूपेन्द्रप्रसाद पौड्याललाई सत्य निरूपण तथा मेलमिलाप आयोगको सचिव पदमा सरुवा गर्ने ।

३. सत्य निरुपण तथा मेलमिलाप आयोगका सचिव श्री मणिराम ओझालाई राष्ट्रिय सूचना आयोगको सचिव पदमा ।

९. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय– न्याय सेवा आयोगको सिफारिसबमोजिम नेपाल न्याय सेवा, कानून समूहका कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत श्री डिल्लीराज घिमिरेलाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा नियुक्ति गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयको सचिव (कानून) पदमा पदस्थापन गर्ने ।

१०. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय– लोक सेवा आयोगबाट सिफारिस भएका श्री बासुदेव काफ्लेलाई नेपाल कृषि सेवा, कृषि प्रसार समूहको रा.प. प्रथम (प्रा.) श्रेणीमा नियुक्ति गर्ने ।

११. रक्षा मन्त्रालय– सैनिक सेवा नियमावली, २०६९ को नियम ३४(१)(क) बमोजिम प्राविधिक महासेनानी अरुणा राईलाई प्राविधिक सहायकरथी (सैनिक उपचारिका) दर्जामा पदोन्नति गर्ने ।

१२. वन तथा वातावरण मन्त्रालय– कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

१३. वन तथा वातावरण मन्त्रालय– माया खोला जलविद्युत आयोजनालाई वन क्षेत्र प्रयोग गर्न दिने ।

१४. वन तथा वातावरण मन्त्रालय– रुकुम गाड जलविद्युत आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

१५. वन तथा वातावरण मन्त्रालय– तल्लो हेवा खोला १३२ के.भी. प्रसारणलाइन निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

१६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय– विद्यार्थी भर्ना तथा पाठ्यपुस्तक वितरण सम्बन्धमा विपन्न, गरीब, सीमान्तकृत, लोपोन्मुख लगायत शिक्षाको अवसरबाट बञ्चित विद्यालय जाने उमेरका बालबालिकामध्ये कम्तिमा एक जना बालक वा बालिका पहिचान गरी विद्यालयमा भर्ना गरिदिनुहुन र भर्ना भएका बालबालिकाको पठन पाठनलाई निरन्तर सुनिश्चित गर्न स्वैच्छिक योगदान गरिदिनुहुन नेपाल सरकारका मन्त्रीहरु, सम्पूर्ण राजनीतिक दलका पदाधिकारी, संघ, प्रदेश र स्थानीय तहका निर्वाचित जनप्रतिनिधि, उद्योगी, व्यापारी, बुद्धिजीवी, नागरिक समाज, सञ्चारकर्मी, रङ्गकर्मी, कलाकर्मी, प्राध्यापक, शिक्षाविद्, पेशाकर्मी, राष्ट्रसेवक कर्मचारी, निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन, सरकारी एवम् गैरसरकारी सङ्घसंस्था, शिक्षक महासंघ, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक लगायतका सम्पूर्ण देशभक्त एवम् शिक्षाप्रेमी नागरिकहरुमा नेपाल सरकारका तर्फबाट आव्हान गर्ने ।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- जिल्ला प्रशासन कार्यालय अन्तर्गत शिक्षा विकास तथा समन्वय एकाई स्थापना गर्ने र सिर्जना हुने दरबन्दीमा मौजुदा जनशक्तिबाट नै पदपूर्ति गर्नेगरी अन्तिरिम संगठन संरचना तथा अन्तरिम दरबन्दी तेरिज स्वीकृत गर्ने ।

१८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय– लोक सेवा आयोगको सिफारिश अनुसार नेपाल स्वास्थ्य सेवाको एघारौं तह (सहसचिव सरह) को विभिन्न समूह, उपसमूहको प्रमुख कन्सल्टेण्ट/प्रमुख मेडिकल सुपरिटेण्डेण्ट पदमा डा. अरुण कुमार झा समेत १९ जना चिकित्सकहरूलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ११(१) बमोजिम बढुवा नियुक्ति गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल चैत २० गते मङ्गलबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम संघीय संसद्को दुवै सदनको चालु अधिवेशन संवत् २०७४ साल चैत २० गते मङ्गलबार राती १२.०० बजेदेखि अन्त्य हुन नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— महान्यायाधिवक्ताको कार्यालयका राजपत्रांकित प्रथम श्रेणीका सह न्यायाधिवक्ता श्री गणेशबाबु अर्याललाई नेपाल न्याय सेवाको राजपत्रांकित विशिष्ट श्रेणी नायव महान्यायाधिवक्ता पदमा बढुवा नियुक्ती गरी महान्यायाधिवक्ताको कार्यालयको नायव महान्यायाधिवक्ताको पदमा पदस्थापन गर्ने ।

३. अर्थ मन्त्रालय— एशियाली विकास बैंकबाट Resilient Water Management of Kathmandu Valley (sub) Project को लागि प्राप्त हुने १० मिलियन अमेरिकी डलर (करिब रु एक अर्ब) बराबरको अनुदान सहायता स्वीकार गर्ने।

४. अर्थ मन्त्रालय— नेपालको पहिलो कलेज त्रि-चन्द्र बहुमुखी कलेज स्थापनाको शतवार्षिकीको अवसरमा संलग्न डिजाइन, नमूना र विवरण अनुसारका रु.१००० दरको चाँदीको १० ग्रामको ३००० (तीन हजार) थान र रु.१०० दरको क्युप्रोनिकेल धातुको ८.५ ग्रामको ३००० (तीन हजार) थान स्मारिका सिक्काहरू टकमरी गरी निष्काशन/बिक्रीको लागि नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिने

५. अर्थ मन्त्रालय— भुक्तानी तथा फछ्र्यौट विधेयक, २०७४ को अवधारणापत्रमा सैद्धान्तिक स्वीकृति दिने।

६. अर्थ मन्त्रालय— मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (गठन) आदेश, २०७४ स्वीकृत गर्ने ।

७. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय— भारतको नयाँदिल्लीमा यही २०७५ साल वैशाख ३ र ४ गते हुने नेपाल–भारत विद्युत व्यापार सम्झौता अन्तर्गतको संयुक्त कार्य समूह तथा संयुक्त सञ्चालक समितिको पाँचौं बैठकमा ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयका सचिव अनुपकुमार उपाध्यायको नेतृत्वको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति दिने।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— विधेयक तयारी सहजिकरण समितिको सदस्य पूर्व कानून सचिव श्री कमलशाली घिमिरेलाई नियुक्त गर्ने ।

९. गृह मन्त्रालय— संगठित अपराध निवारण ऐन, २०७० को दफा १२ मा व्यवस्था भए बमोजिम विशेष अनुसन्धान टोली गठन गर्ने ।

१०. परराष्ट्र मन्त्रालय— मिति २०७४/१२/२३ देखि २०७४/१२/२५ सम्म सम्माननीय प्रधानमन्त्रीले गर्नुहुने मित्रराष्ट्र भारतको राजकीय भ्रमणका लागि सरकारी, व्यापारिक र सञ्चार माध्यमका प्रतिनिधिहरु सम्मिलित प्रतिनिधिमण्डल गठन गर्ने ।

११. रक्षा मन्त्रालय– मित्रराष्ट्र थाइल्याण्डको Thai Airways International Public Company Limited, Bangkok मा संचालन हुने Simulator तालिममा नेपाली सेनाका पाईलट उपरथी सुधिर श्रेष्ठलाई सहभागी हुन स्वीकृति दिने ।

१२. रक्षा मन्त्रालय– फ्रान्स स्थित हेलिकप्टर उत्पादक कम्पनीमा हुने Pre-Delivery Inspection कार्यक्रममा सहभागी हुन नेपाली सेनाका पाइलट उपरथी सुधिर श्रेष्ठलाई स्वीकृति दिने ।

१३. रक्षा मन्त्रालय– मलेशियाको क्वालालम्पुरमा आयोजना हुने The 16th Defence Servives Asis Exhibition and Conference (DSA 2018) मा सहभागी हुन नेपाली सेनाका रथी पूर्णचन्द्र थापालाई पठाउन स्वीकृत दिने ।

१४. सङ्घीय मामिला तथा सामान्य प्रशासन— जेनेभामा आयोजना हुने सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ (The International Convention on the Elimination of All forms of Racial Discrimination, 1965) को ९५ औं अधिवेशनमा उक्त महासन्धिको पक्ष राष्ट्रको हैसियतले नेपालले पेश गरेको १७ औं देखि २३ औं सम्मको संयुक्त प्रतिवेदनमाथिको छलफलमा नेपालको तर्फबाट जेनेभास्थित नेपाली राजदुतावासका स्थायी प्रतिनिधि श्री दिपक धितालगायतका पदाधिकारीको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति दिने ।

१५. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/१२/१४ को बैठकबाट स्वीकृत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संघमा रहने मन्त्रालयको संगठन सरचना तथा दरवन्दी स्वीकृति विषयको प्रस्तावसाथ संलग्न अनुसूची १४.१ वन तथा वातावरण मन्त्रालयको संगठन सरचना र १४.२ वन तथा वातावरण मन्त्रालयको दरवन्दी तेरिजमा रहेको सचिव १ (वन) र सचिव १ (वातावरण) गरी विशिष्ट श्रेणीको २ वटा दरवन्दी रहेकोमा सोको सट्टा विशिष्ट श्रेणीको सचिव १ कायम गर्ने ।

१६. राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा २२ बमोजिम सोही ऐनको दफा १७ को उपदफा (१०) अनुसार आयोगको सचिव भई काम गर्न नेपाल निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदको लागि नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको सचिव पद एक दरवन्दी स्वीकृत गर्ने ।

१७. निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

| क्र.सं. | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री अनुपकुमार उपाध्याय | सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय (ऊर्जा) |
| २. | श्री अर्जुनकुमार कार्की | कार्यकारी सचिव, नेपाल ट्रष्टको कार्यालय | सचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण |

| | | | |
|---|---|---|---|
| ३. | श्री गजेन्द्रकुमार ठाकुर | सचिव, खानेपानी मन्त्रालय | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (विज्ञान तथा प्रविधि) |
| ४. | श्री मधुसुदन अधिकारी | सचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ५. | श्री संजय शर्मा | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (विज्ञान तथा प्रविधि) | सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय (सिँचाइ) |
| ६. | श्री देबेन्द्र कार्की | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सचिव, जल तथा ऊर्जा आयोगको सचिवालय |
| ७. | श्री कृष्णराज वि.सी. | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (काज) | सचिव, खानेपानी मन्त्रालय |
| ८. | श्री रमेश प्रसाद सिंह | सचिव, जल तथा ऊर्जा आयोगको सचिवालय | कार्यकारी सचिव, नेपाल ट्रष्टको कार्यालय |
| ९. | श्री विश्वनाथ ओली | सचिव, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (पशुपन्छी) | सचिव, वन तथा वातावरण मन्त्रालय |
| १०. | श्री युवकध्वज जि.सी. | सचिव, वन तथा वातावरण मन्त्रालय (वन) | सचिव,कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (कृषि विकास) |
| ११. | श्री प्रकाश माथेमा | सचिव, वन तथा वातावरण मन्त्रालय (वातावरण) | सचिव,कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (पशुपन्छी विकास) |
| १२. | श्री शंकरप्रसाद अधिकारी | सचिव, अर्थ मन्त्रालय | सचिव, उपराष्ट्रपतिको कार्यालय |
| १३. | श्री मधुप्रसाद रेग्मी | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (शिक्षा) | सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय |
| १४. | श्री शरदचन्द्र पौडेल | रा.प.विशिष्ट श्रेणी अतिरिक्त समूह | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय |
| १५. | श्री विष्णुप्रसाद लम्साल | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सचिव, रक्षा मन्त्रालय |
| १६. | श्री लक्ष्मणप्रसाद मैनाली | सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| | | | |
|---|---|---|---|
| १७. | श्री राजन खनाल | सचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग | सचिव, अर्थ मन्त्रालय |
| १८. | श्री प्रेमकुमार राई | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | सचिव, गृह मन्त्रालय |
| १९. | श्री केदारबहादुर अधिकारी | सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय |
| २०. | श्री मोहनकृष्ण सापकोटा | सचिव, गृह मन्त्रालय | सचिव, युवा तथा खेलकुद मन्त्रालय |
| २१. | श्री महेशप्रसाद दहाल | सचिव, युवा तथा खेलकुद मन्त्रालय | सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| २२. | श्री चन्द्रकुमार घिमिरे | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (वाणिज्य) | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (वाणिज्य तथा आपूर्ति) |
| २३. | श्री महेन्द्रमान गुरुङ्ग | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| २४. | श्री खगराज बराल | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (शिक्षा) |
| २५. | श्री विनोद के.सी. | सचिव, रक्षा मन्त्रालय | सचिव, राष्ट्रपतिको कार्यालय |
| २६. | श्री महेश्वर न्यौपाने | सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय | सचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| २७. | श्री लालशंकर घिमिरे | सचिव, उपराष्ट्रपतिको कार्यालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय |
| २८. | श्री अनिलकुमार ठाकुर | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (आपूर्ति) | सचिव, राष्ट्रिय महिला आयोग |
| २९. | श्री सुरेश प्रधान | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, कर्णाली प्रदेश | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, प्रदेश नं. १, विराटनगर |
| ३०. | श्री यादवप्रसाद कोइराला | कायम मुकायम प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, प्रदेश नं. १, विराटनगर | कायम मुकायम प्रमुख प्रशासकीय अधिकृत (रा.प. विशिष्ट) काठमाडौं महानगरपालिका |

**२०७४ साल चैत १४ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. अर्थ मन्त्रालय— जापान सरकारले नेपाल सरकारलाई अनुदान सहायता स्वरुप उपलब्ध गराउने जापानी येन ७००,०००,०००(ने.रु करिब ६८ करोड ६० लाख) बराबरको "आर्थिक तथा सामाजिक विकास कार्यक्रम" सहायता स्वीकार गर्ने ।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— मित्रराष्ट्र भारतको नयाँ दिल्लीमा आयोजना हुन गइरहेको 16th Ministerial Meeting of the International Energy Forum मा भाग लिन माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीलाई स्वीकृति दिने ।

३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय— माननीय ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री बर्षमान पुनलाई थाइल्याण्ड भ्रमणमा जान स्वीकृति दिने ।

४. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय—

(क) मन्त्रिपरिषद्को मिति २०७४।११।२८ को निर्णयानुसार महान्यायाधिवक्ताको संयोजकत्वमा गठित विधेयक तयारी सहजीकरण समितिसँग समन्वय गरी प्रदेश र स्थानीय तहको लागि नमूना कानूनको मस्यौदा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट तयार गर्ने ।

(ख) प्रकरण (क) बमोजिम तयार गरिएका नमूना कानूनको मस्यौदा कानून, न्याय तथा संसदीय मामिला मन्त्रिस्तरको निर्णय गराई प्रदेश र स्थानीय तहमा उपलब्ध गराउने ।

(ग) यस अघि तयार भएका नमूना कानूनलाई सम्बन्धित मन्त्रालयले कानून मन्त्रालयमा पठाउने।

५. परराष्ट्र मन्त्रालय— अजरवैजानको राजधानी बाकुमा आयोजना हुने असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरूको मध्यावधि मन्त्रीस्तरीय सम्मेलनमा भाग लिन माननीय परराष्ट्र मन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल गठन गर्ने।

६. रक्षा मन्त्रालय— नेपाली सेनाका प्रधान सेनापति राजेन्द्र क्षत्री समेतको भ्रमण दललाई भ्रमणमा जान स्वीकृति दिने ।

७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— संघमा रहने मन्त्रालयहरूको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने ।

८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— स्थानीय तहको अन्तरिम संगठन संरचना तथा दरबन्दी विवरण स्वीकृत गर्ने ।

९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— स्थानीय तहमा सेवा प्रवाहसम्बन्धी व्यवस्था, २०७४ स्वीकृति गर्ने ।

१०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— महिला तथा बालबालिका कार्यालय, जुम्लामा कार्यरत महिला विकास निरीक्षक श्री विन्दु कुँवरलाई उपचार खर्च रु. अक्षरेपी पाँच लाख थप आर्थिक सहायता दिने ।

११. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय, काठमाण्डौमा कार्यरत खरिदार श्री गिरिजाप्रसाद बन्जारालाई उपचार खर्च रु. पाँच लाख थप आर्थिक सहायता दिने।

१२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— नेपाल दूरसञ्चार प्राधिकरणका सदस्य श्री टिका प्रसाद उप्रेतिले पदवाट दिनुभएको राजिनामा स्वीकृत गर्ने।

१३. सहरी विकास मन्त्रालय– राजपत्रांकित प्रथम श्रेणी पदमा नवराज प्याकुरेललाई नियुक्ति गर्ने ।

१४. गृह मन्त्रालय—

१. नेपाल सरकार, मन्त्रिपरिषद्बाट परिमार्जन गरिएको विक्रम सम्वत् २०७५ सालमा दिइने सार्वजनिक, पर्व एवं सट्टा विदा र कार्यालय समय निर्धारण गर्ने । सोको सूचना अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

२. २०७५ साल बैशाख १ गते अगावै सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूले कुन धर्म, परम्परा, चाड, पर्व, संस्कृति विशेषमा विदा लिने हो, सोको फारम तयार गरी कार्यरत कार्यालयमा पेश गर्न लगाउने । सोको विवरण प्रत्येक कार्यालयले राख्ने र सम्बन्धित धर्म, सम्प्रदाय र क्षेत्रको लागि प्रस्ताव भएका विदामा बस्ने कर्मचारीले पेश गरेको फारमको आधारमा कार्यालयको काममा बाधा नपर्ने गरी विदा स्वीकृत गर्ने व्यवस्था गर्ने गरी सम्बद्ध निकायलाई निर्देशन दिने ।

३. नेपालमा मनाइने पर्व, दिवस र संस्कृतिका साथै अन्तर्राष्ट्रिय प्रचलन र परम्परा अनुरूप सार्वजनिक विदाका विषयमा अध्ययन एवं सरोकारवाला विज्ञहरूसँग राय, परामर्श र छलफलसमेतका आधारमा प्रतिवेदन पेश गर्नका लागि कार्यदल गठन गर्न गृह मन्त्रालयलाई निर्देशन दिने ।

१५. त्रि. वि. शिक्षण अस्पतालका चिकित्सक प्रा. डा. दिव्या सिंह शाह र वीर अस्पतालका चिकित्सक प्रा.डा. दिलिप शर्मालाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को (विशिष्ट श्रेणी) चिकित्सक तोक्ने ।

१६. भारतमा उपचारार्थ पूर्व मन्त्री खुमबहादुर खड्कालाई भारतको नयाँ दिल्लीस्थित नेपाली राजदूतावास मार्फत पन्ध्र लाख रूपैया आर्थिक सहायता उपलब्ध गराउने ।

१७. पूर्व सांसद जागृत प्रसाद भेटवाललाई पन्ध्र लाख रूपैया आर्थिक सहायता उपलब्ध गराउने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**